गंगादेव गाउँपालिका

# गाउँ कार्यपालिकाको बैठक

आ.व. २०८१/०८२ को गाउँ कार्यपालिकाको बैठक
संख्याः.................................

- मितिः २०८१ पौष ९ गते मंगलबार ।
- समयः ११ बजे बिहान...................।
- स्थानः गाउँ कार्यपालिकाको कार्यालय सुखाओडार, रोल्पा

गंगादेव गाउँपालिका का अध्यक्ष श्री हरी बहादुर पुनको अध्यक्षतामा बसेको गंगादेव गाउँ कार्यपालिको बैठकमा तपशिलको उपस्थितिमा तपशिल बमोजिमका बिषयहरुका छलफल गरी तपशिल बमोजिमका निर्णयहरु गरीयो ।

## उपस्थितिः

| सि.न. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरी बहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री अमृता कुमारी के सी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री अमृत बहादुर वली | वडा अध्यक्ष (१ न. वडा) | |
| ४ | श्री अमर बहादुर खत्री | वडा अध्यक्ष (२ न. वडा) | |
| ५ | श्री लोकमान वली | वडा अध्यक्ष (३ न. वडा) | |
| ६ | श्री कृष्ण वली | वडा अध्यक्ष (४ न. वडा) | |
| ७ | श्री अमृत बहादुर बुढा | वडा अध्यक्ष (५ न. वडा) | |
| ८ | श्री बिमल कुमार खड्का | का.वा. वडा अध्यक्ष (६ न. वडा) | |
| ९ | श्री प्रेम प्रकाश के सी | वडा अध्यक्ष (७ न. वडा) | |
| १० | श्री भक्ती वि.क. | गाउँ कार्यपालिका सदस्य | |
| ११ | श्री रामकला वि क | गाउँ कार्यपालिका सदस्य | |
| १२ | श्री दुरपता घर्ती | गाउँ कार्यपालिका सदस्य | |
| १३ | श्री तुल्सी कामी | गाउँ कार्यपालिका सदस्य | |
| १४ | श्री कमला डाँगी | गाउँ कार्यपालिका सदस्य | |
| १५ | श्री खिमा कुमारी के सी | गाउँ कार्यपालिका सदस्य | |
| १६ | श्री त्रिविक्रम खड्का | सदस्य सचिव | |

### कर्मचारीहरुको उपस्थितिः

| सि.न. | कर्मचारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तिलक के. सी. | सूचना प्रविधि अधिकृत | |
| २ | दिपा घर्ती | कार्यालय सहयोगी | |
| ३ | हरिलाल वली | कार्यालय सहयोगी | |

**प्रस्तावहरुः-**

१ अघिल्लो कार्यापालिकाको बैठक समिक्षा सम्बन्धमा ।
२ उपभोक्ता समितिको विधान स्वीकृत गर्ने सम्बन्धमा ।
३ योजना आयोजनाको सम्झौता सम्बन्धमा ।
४ स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण बजेटको ब्रेकडाउन सम्बन्धमा ।
५ स्वास्थ्य शाखा अन्तर्गतका कर्मचारीहरुको व्यवस्थापन सम्बन्धमा ।
६ कर्मचारीको कारबाही सम्बन्धमा।
७ सुरक्षा निकायहरुको चाडपर्व खर्च सम्बन्धमा ।
८ उद्यम विकास शाखाको कर्मचारीहरुको तलब सम्बन्धमा ।
९ कार्यरत कार्यालयमा कर्मचारीको पदस्थापन सम्बन्धमा ।
१० कार्यरत कार्यालयमा कर्मचारीको पदस्थापन सम्बन्धमा ।
११ वेरुजु सम्बन्धमा ।
१२ परिक्षा मिति तोक्ने सम्बन्धमा ।
१३ डिपिआर सम्बन्धमा ।

**निर्णयहरू:**

निर्णय नं १ : प्रस्ताव नं १ उपर छलफल गर्दा अघिल्लो कार्यपालिकाबाट पारित भएका निर्णयहरु कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं २: प्रस्ताव नं २ उपर छलफल गर्दा गाउँपालिका स्तरबाट संचालन हुने र उपभोक्ता समिति गठन गरि संचालन हुने योजना आयोजनाहरुको हकमा उपभोक्ता समितिको विधान स्वीकृत गरी उपभोक्ता समिति दर्ता गर्ने र आधिकारिक रुपमा उपभोक्ता समिति गठन गरी योजना आयोजना संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ३: प्रस्ताव नं ३ उपर छलफल गर्दा गंगादेव गाउँपालिकाको आ.व. २०८१/०८२ मा संचालन हुने आयोजनाहरुको कार्य सुरु गर्नको लागि ५ लाख सम्मका वडागत योजनाहरुको सम्झौता कार्य सम्बन्धित वडा कार्यालय बाट सुरु गर्ने, त्यसपछि अन्तिम भुक्तानी सम्बन्धि कागजातहरु तयार गरी गाउँपालिकामा पेश गर्ने निर्णय गरियो । साथै ५ लाख माथिका योजनाहरु सम्झौताको लागि गाउँपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ४: प्रस्ताव नं ४ उपर छलफल गर्दा स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदानको लागि विनियोजित कुल बजेट रु १ करोड ८० लाख यस पालिका भित्रका तपसिलका विद्यालयहरुमा देहाय बमोजिमको बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | विनयोजित बजेट |
|---|---|---|---|
| १ | जनता विकास मावि | गंगादेव ४ सुपाटोट्के | ६० लाख |
| २ | पृथ्वी नारायण मावि | गंगादेव ७ जायाचौर | ६० लाख |
| ३ | बालवोध आवि | गंगादेव ५ झाक्रिसल्ला | ६० लाख |

निर्णय नं ५: प्रस्ताव नं ५ उपर छलफल गर्दा गंगादेव गाउँपालिका स्वास्थ्य शाखा अन्तर्गत विभिन्न स्वास्थ्य चौकिमा करार सेवामा कार्यरत कर्मचारीको ठाउँमा प्रदेश लोकसेवा आयोग, लुम्बिनी बाट पदपुर्ति भईसकेको वडा नं १ मा रहेको ओत स्वास्थ्य चौकीमा अ.हे.व पदमा कार्यरत श्री माधव कुमार शर्माको करार सम्झौता अन्त्य गर्ने निर्णय गरियो ।साथै विभिन्न स्वास्थ्य चौकीमा करार सेवामा अनमी पदमा समेत पदपुर्ति भईसकेको हुँदा त्यस पदमा कार्यरत अनमीहरुको पनि करार सेवा अन्त्य गर्ने निर्णय गरियो ।

निर्णय नं ६: प्रस्ताव नं ६ उपर छलफल गर्दा यस गंगादेव गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख सकलदेव यादव मिति २०८१ साउन १७ देखी मंसिर ५ गते सम्म विना सूचना विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित रहेकोमा मिति २०८१ मंसिर १० गते को कार्यपालिका बैठकले निजलाई आवश्यक कारवाहिका लागि सम्बन्धित निकायमा लेखि पठाउने निर्णय भएकोमा, निजको समायोजन स्थानीय तहमा भएकोले स्थानीय तहबाटै निजको कारवाहिको टुङ्गो लगाउनु पर्ने देखियो ।

नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को परिच्छेद १० दफा ७२ को खण्ड (ख) मा विशेष सजाय सम्बन्धी व्यवस्था रहेको छ, जसअनुसार निजलाई ऐ ऐनको दफा ७४ खण्ड (ज) मा विदा स्वीकृत नगराई लगातार ६० दिन सम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा सेवाबाट हटाउने वा वर्खास्त गर्ने सम्बन्धी व्यवस्था रहेको छ ।

यसैगरी नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को परिच्छेद १५ नियम १०२ मा सजाय दिने र पुनरावेदन सुन्ने अधिकारी सम्बन्धी व्यवस्था रहेको छ । जसअनुसार नियम १०२ (क) ३ मा कार्यालय प्रमुख बाहेक अन्य अधिकृत कर्मचारीलाई सजाय दिने अधिकार सम्बन्धित विभागिय प्रमुख र पुनरावेदन सुन्ने अधिकारी मन्त्रालयको सचिव रहने स्पष्ट कानुनी व्यवस्था रहेको छ ।
कार्यापालिकाको मिति २०८१/०९/२० को निर्णयानुसार निजलाई आवश्यक कारबाहिको लागि सम्बन्धित निकायमा लेखि पठाउने भनी निर्णय भएकोमा सो प्रक्रिया अगाडी बढाउन कार्यालय प्रमुख (प्र.प्र.अ.) ले मिति २०८१।८।११ गते निजलाई स्पष्टिकरण सोधिएकोमा आमा बिरामी गई अकस्मात घर जानु परेको र खबर गर्न समय नमिलेकोले भन्ने जवाफ त्यति चित्तवुझ्दो देखिदैन ।

यसका साथै मिति २०८१/०४/१७ देखि २०८१/०५/०७ गते सम्म निज कार्यालयमै बसी काम गरेको भन्ने जवाफ सत्य देखिन्छ जसलाई प्रमाणित गर्ने कागजातहरु, त्यस अवधिका निर्णुक्ति,

कर्मचारीको तालिम मनोनयन र औषधी पठाउने जस्ता कागजातले प्रमाणित गर्दछ । यसका वावजुद् पनि नेपाल स्वास्थ्य सेवा ऐनको परिच्छेद ८ दफा ५२ मा समय पालना र नियमितता सम्बन्धमा कर्मचारीले निर्धारित समयमा नियमित रुपले कार्यालयमा हाजिर हुनु पर्ने र सकेसम्म पहिले विदाको स्वीकृत नलिई कामबाट अनुपस्थित हुन नहुने व्यवस्था भएकोमा निज कर्माचारीले नेपाल स्वास्थ्य सेवा ऐनको आचरण विपरितका क्रियाकलाप गरेको देखिन्छ ।

निजलाई कारवाही गर्ने सम्बन्धमा नेपाल स्वास्थ्य सेवा ऐन तथा नियमावलीमा स्पष्ट प्रावधान भएको तर प्रदेश स्वास्थ्य सेवा ऐन र नियमावली नबनिसकेको र स्थानीय तहमा पनि स्पष्ट कानुनी आधार र मापदण्ड नभएकोले निजलाई आवश्यक विभागीय कारवाहीको लागि निजको हाजिरी पुस्तिका प्रतिलिपि अन्य स्पष्टिकरणका कागजातहरु सहित पेश गर्ने निर्णय गरियो ।
यस भन्दा अघि पनि यस्तै प्रकृतिका कारवाही चलाईसकिएको हुँदा निजले पटक पटक यस्ता गल्ति दोहोर्याई रहेको देखिन्छ । यसै सन्दर्भमा निजलाई अन्य संघीय तथा प्रादेशिक ऐन तथा नियमावलीका व्यवस्थासँग प्रतिकूल नहुनेगरी आजका मितिबाट लागु हुनेगरी देहायबमोजिम कारवाही गर्ने निर्णय गरियो ।

क) निजको समायोजन संशोधन हुनेगरी अन्य पालिका/स्थानीय तहमा जान अनुमती प्रदान गर्ने ।
ख) निजलाई १ वर्षको लागि यस गा.पा. को वडा नं २ मा अवस्थित जिनावाङ स्वास्थ्य चौकीमा कामकाजमा खटाउने ।
ग) हाजिरी नभएको दिनको तलव भत्ता कट्टा गर्ने,
घ) सिंङ्गो कार्यपालिकामा उपस्थित भई आफ्नो गल्तीको सम्बन्धमा माफि माग्ने,
ङ) यस कार्यपालिकाको निर्णय अवज्ञागरी अन्य अटेर गरेमा वा कामकाजकालागि खटाईएको कार्यालयमा गई जिम्मेवारीपूर्वक कामकाज नगरेमो पाईएमा वा यस निर्णयको प्रतिकुल हुनेगरी कुनै कार्य गरेमा निजलाई हदैसम्मको कारवाहीको लागि स्वास्थ्य सेवा विभागमा आवश्यक कारवाहीका लागि लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं ७: प्रस्ताव नं ७ उपर छलफल गर्दा इलाका प्रहरी कार्यालय घर्तिगाउँलाई चाडपर्व खर्च र पेट्रोलिङ् गस्तिकोलागि एकमुष्ट रु ३०,००० भुक्तानी गर्ने निर्णय गरियो । यसका साथै इलाका प्रहरी कार्यालय जिनावाङ र अस्थायी प्रहरी चौकी सिमखोलालाई चाडपर्व खर्च विल भर्पाईको आधारमा २५ हजारमा नबढ्ने गरि दिने निर्णय गरियो ।

निर्णय नं ८: प्रस्ताव नं ८ उपर छलफल गर्दा यस गाउँपालिकाको उद्यम विकास शाखामा कार्यरत २ जना कर्मचारीहरु(सहायक स्तर चौथो)को तलब यस गाउँपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं ९: प्रस्ताव नं ९ उपर छलफल गर्दा गंगादेव गाउँपालिकामा शिक्षा अधिकृत छैठौं तहमा मिति २०७६/११/१२ गते स्थायी नियुक्ति भई पदस्थापन भएको कर्मचारी सीतादेवी शर्मा (क.स.नं. २३९३५४) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७८/०७९ च.न. ९१७ मिति २०७८/०८/२० गतेको पत्रानुसार गंगादेव गाउँपालिका रोल्पाबाट बाग्मती प्रदेश दुप्चेश्वर गाउँपालिका नुवाकोटमा कामकाजमा सरुवा भई हाल सम्म सोहि गाउँपालिकामा कामकाज गर्दै आएकोले निजलाई सोहि गाउँपालिकामा पदस्थापनको लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं १०: प्रस्ताव नं १० उपर छलफल गर्दा गंगादेव गाउँपालिकामा लेखा अधिकृत छैठौं तहमा मिति २०७६/०९/०३ गते स्थायी नियुक्ति भई पदस्थापन भएको कर्मचारी भरत बस्नेत (क.स.नं. २३६४५५) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७८/०७९ च.न. ९१७ मिति २०७८/०८/२० गतेको पत्रानुसार गंगादेव गाउँपालिका रोल्पाबाट लुम्बिनी प्रदेश नरैनापुर गाउँपालिका बाँकेमा कामकाजमा सरुवा भई हाल सम्म सोहि गाउँपालिकामा कामकाज गर्दै आएकोले निजलाई सोहि गाउँपालिकामा पदस्थापनको लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ११: प्रस्ताव नं ११ उपर छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०७४।७५ देखि हाल सम्मको वेरुजु तथ्याङ्कको आधारमा तत्कालकोलागि विद्यालयको वेरुजु तथ्याङ्क निकाली विद्यालयलाई वेरुजु असुल उपरकोलागि पत्राचार गर्ने र यसको लागि जिम्मेवार कर्मचारीहरुलाई यथासिघ्र वेरुजुको तथ्याङ्क उपलब्ध गराउन आवश्यक निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं १२: प्रस्ताव नं १२ उपर छलफल गर्दा मिति २०८१।०४।१७ गते प्रकाशित सूचना नं ०१ अनुसारको विज्ञापन नं ०३/२०८१।०८२ को फिल्ड सहायक पदको मिति २०८१ पौष २२ गते र ०२/२०८१।०८२ सब.इन्जिनीयर पदको मिति २०८१ पौष २४ गते परिक्षा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं १३: प्रस्ताव नं १३ उपर छलफल गर्दा वडा नं २ को कार्यालय भवन निर्माणको डिपिआरको लागि रु १५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत